आज मिति २०८२।१०।०८ गते बिहिबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री गणेशबहादुर केसीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री गणेशबहादुर के.सी. | गाउँपालिका अध्यक्ष |
| २ | | श्री डोल्मामाया गोले | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री रामप्रसाद घिमिरे | १ नं. वडा अध्यक्ष |
| ४ | | श्री जोनिकुमार न्यासुर | २ नं. वडा अध्यक्ष एवम् गा.पा.प्रवक्ता |
| ५ | | श्री मनोजकुमार पराजुली | ३ नं. वडा अध्यक्ष |
| ६ | | श्री कृष्णप्रसाद तिमल्सिना | ४ नं. वडा अध्यक्ष |
| ७ | | श्री भूमिनन्द घिमिरे | ५ नं. वडा अध्यक्ष |
| ८ | | श्री विनोद चौरेल | ६ नं. वडा अध्यक्ष |
| ९ | | श्री देविमाया लामा | कार्यपालिका सदस्य |
| १० | | श्री मन्दिरा तिमल्सिना (घिमिरे) | कार्यपालिका सदस्य |
| ११ | | श्री रेनुका सञ्जेल | कार्यपालिका सदस्य |
| १२ | | श्री लक्ष्मी सञ्जेल | कार्यपालिका सदस्य |
| १३ | | श्री गुप्तबहादुर ब्राह्मु | कार्यपालिका सदस्य |
| १४ | | श्री चित्रकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |
| १५ | | श्री सन्दिप न्यौपाने | सदस्य-सचिव |

**अन्य उपस्थितिः**

श्यामबहादुर खनाल, वरिष्ठ शाखा अधिकृत, आठौं

महाङ्काल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गोटिखेल, ललितपुर बागमती प्रदेश, नेपाल २०७४

## कार्यपालिका बैठकको प्रस्ताव पेश कार्यसूची

बैठक सङ्ख्या: **६६ औं**

अध्यक्षता: **श्री गणेशबहादुर के.सी.**

बैठक मितिः **२०८२।१०।०८**

बैठक स्थानः **महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोटिखेल, ललितपुर ।**

बैठक समयः **बिहान ८:३० बजे**

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कै |
|---|---|---|---|---|
| २०८२।१०।०८ | ८:३० बजे | विशेष पकेट क्षेत्रको छनोट गर्ने सम्बन्धमा | पशुपन्छी विकास शाखा | १ |
| २०८२।१०।०८ | ८:४५ बजे | घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | २ |
| २०८२।१०।०८ | ८:५५ बजे | नसर्ने रोग सम्बन्धी शिविर र गाउँघर क्लिनिक सञ्चालन गर्न बजेटको विनियोजन गर्ने सम्बन्धमा | स्वास्थ्य शाखा | ३ |
| २०८२।१०।०८ | ९:१० बजे | आमा सुरक्षा कार्यक्रमको बजेट किशोर-किशोरी मैत्री सेवा सञ्चालनार्थ, नसर्ने रोग र दीर्घरोगीका लागि औषधी खरिदमा शीर्षक परिवर्तन गर्ने सम्बन्धमा | स्वास्थ्य शाखा | ४ |
| २०८२।१०।०८ | ९:३० बजे | समपूरक र विशेष अनुदान माग सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ५ |
| २०८२।१०।०८ | ९:४५ बजे | पदाधिकारी सुविधा सम्बन्धमा | प्रशासन, योजना तथा अनुगमन शाखा | ६ |
| २०८२।१०।०८ | ९:५० बजे | ठोस्ने खोला क्रसर उद्योग एण्ड सप्लायर्स प्रा.ली.लाई अनुमति दिने सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ७ |
| २०८२।१०।०८ | ९:५५ बजे | सङ्घीय समपुरक र विशेष अनुदान अन्तरगतका योजना छनोट सम्बन्धमा | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ८ |
| २०८२।१०।०८ | १०:०५ बजे | विविध | | ९ |

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

**पुर्व बैठकको समीक्षा**

मिति २०८२।०९।०७ मा बसेको ६५ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो ।

**मिति २०८२।१०।०८ मा बसेको ६६ औं कार्यपालिका बैठकका निर्णयहरु:**

**निर्णय नं.१**: बागमती प्रदेश सरकार अन्तरगतको पशु सेवा कार्यालय, लगनखेल ललितपुरको मिति २०८२।०९।२९ गतेको अनुरोध पत्रानुसार एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा ८ बमोजिम वडा नं.१,२,३,४ र ५ मा दोहोरो नपर्ने गरी भैंसीपालनका लागि सो कार्यविधिको अनुसूची १ (ख) बमोजिमको फाराम भरी पशु सेवा कार्यालय लगनखेल, ललितपुरमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**: **महाङ्काल गाउँपालिकाको "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५** को व्यवस्था बमोजिम तपसिल बमोजिमका व्यवसायीले पुर्‍याउनु पर्ने आवश्यकीय प्रक्रिया पुरा गरेकाले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल:**

क) श्री एण्टिम्याटर निर्माण सेवा, महाङ्काल गा.पा.-१, बुखेल, ललितपुर ।

ख) श्री सिद्धान्त निर्माण सेवा, महाङ्काल गा.पा.-१, बुखेल, ललितपुर ।

**निर्णय नं.३**: नसर्ने रोग सम्बन्धी शिविर र गाउँघर क्लिनिक सञ्चालनार्थ माग भएको रु. १ लाख रकम कार्यक्रम सञ्चालन गर्नका लागि **अध्यक्षसँग फुटकर कार्यक्रम** शीर्षकबाट खर्च लेख्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**: आमा सुरक्षा कार्यक्रम शीर्षकको बजेट किशोर-किशोरी मैत्री सेवा सञ्चालनार्थ, नसर्ने रोग र दीर्घरोगीका लागि औषधी खरिद शीर्षकमा रकमान्तर गर्नका लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**: आगामी आ व २०८३/८४ का लागि समपूरक र विशेष अनुदान मागका लागि आगामी कार्यपालिका बैठकसम्ममा विस्तृत छलफल गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.६**: पदाधिकारी एवम् कर्मचारीसँग मौजुदा रहेका दुई पाङ्ग्रे सवारी साधनहरुमध्ये कार्यालयको आवश्यकता, कामको प्रकृति, जिम्मेवारीको बाँडफाँट र पदीय मर्यादाको मूल्याङ्कन गर्दै तपसिल बमोजिमका सम्बन्धित कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | सवारी साधन | हाल प्रयोग गर्ने नाम | हाल प्रयोग गर्नेको पद | जिम्मामा दिने कर्मचारीको नाम | जिम्मामा दिने कर्मचारीको पद | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १८१८ | कुमारी सिंगार | स उ वि स | प्रशन्ना तारमी मगर | सब इन्जिनियर | |
| २ | ४८४० | विकास दाहाल | ना प्रा स (कृषि) | सुरेश कुमार बराल | अधिकृत | |

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

**निर्णय नं.७:** ठोस्ने खोला क्रसर उद्योग एण्ड सप्लायर्स प्रा.ली. लाई व्यवसाय दर्ता गर्ने र आगामी गाउँ सभामा अनुमोदनका लागि लाने निर्णय गरियो ।

**निर्णय नं.८:** आ व २०८३/०८४ को लागि सङ्घीय समपुरक तथा सङ्घीय विशेष अनुदान तर्फका योजनाहरुको तपसिल बमोजिमको प्राथमिकीकरणका आधारमा माग गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**तपसिल:**

| सङ्घीय समपुरक अनुदान तर्फको योजना | | | |
|---|---|---|---|
| **प्राथमिकता क्रम** | **योजनाको नाम** | **वडा नं.** | **बजेट (रु.)** |
| १ | ससिपा भञ्ज्याङदेखि ४ नं. वडा कार्यालय जाने मोटरबाटो स्तरोन्नती | ४ | १ करोड |
| **सङ्घीय विशेष अनुदान तर्फको योजना** | | | |
| १ | बैतर्णीधाम पुनःनिर्माण | ३ | ३ करोड |
| २ | लोपोन्मुख बराम जाति एकीकृत बस्ति विकास कार्यक्रम | ६ | ३ करोड |
| ३ | कृषि जडिबुटी अन्तरगत लोठसल्ला सामूहिक खेती प्रवर्द्धन कार्यक्रम | ३ र ५ | ३ करोड |

**निर्णय नं.९:** क) मिति २०८२।१०।१४ गतेलाई तय गरिएको गाउँ सभालाई आगामी २०८२ फाल्गुन २१ गते सम्मका लागि स्थगन गर्ने निर्णय गरियो ।

ख) ललितपुर किकबक्सिङ सङ्घलाई सङ्घ संस्था सहायता खर्च शीर्षकबाट रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने निर्णय गरियो ।

ग) मिति २०८२।०८।०३ गतेको गाउँ कार्यपालिकाको निर्णय नं.४ बमोजिम गठित समितिले सिफारिस गरे बमोजिम २०८२ साउन देखि कार्तिक महिनासम्मका लागि २ थान हेभि इक्युपमेन्ट मर्मत खर्च रु.९,१२,७६०।६५ (अक्षरेपि नौ लाख बाह्र हजार सात सय साठी रुपैयाँ छ पाँच पैसा) को ८५% मात्रै भुक्तानी गर्ने भनी गरिए बमोजिमको मर्मत खर्च सम्बन्धितलाई भुक्तानी गर्ने निर्णय गरियो ।

घ) सवारी साधन मर्मत खर्च स्थायी कर्मचारी र प्राविधिक कर्मचारीलाई मात्र प्रदान गर्ने निर्णय गरियो ।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष